सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १७७ ○श्रेणी 'क' ○२०७२ माघ ४ गते सोमबार ○ 18 Jan. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुवसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१५००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१७३२१६

जिल्ला विकास समिति कास्कीमा सहयोग र चन्दा मान्नेको लर्को

स्थानीय विकास अधिकारी तिवारी हैरान

हरि पन्त/गोल्डेन न्यूज
पोखरा ३ माघ ।

जिल्ला विकास समिति कास्कीमा एकै दिनमा चन्दा, सहयोग मान्न कति जना आउलान् ? ५, १० या १५ जना । यदि यति थोरै संख्यामा मान्न आउलान् भन्ने सोच्दै हुनुहुन्छ भने तपाई भ्रममा हुनुहुन्छ । कास्की जिबिसमा एकै दिनमा कम्तिमा ३० देखि १५० जनासम्म चन्दा र सहयोग मान्न आउने गरेको खुलेको छ । चन्दा र सहयोग मान्न आउनेमा गैरसरकारी संस्थाहरु सबै भन्दा बढी रहेको बताइन्छ । साथै पत्रकार, राजनीतिक दलका पार्टी र तिनका भातृ संगठनहरु, सर्वसाधारण पनि विभिन्न पीडा र समस्या लिएर सहयोग मान्न आउने गरेको बताइन्छ । यसैगरी विभिन्न टोल विकास संस्था, आमा तथा महिला समूह पनि विभिन्न कार्यक्रमका नाममा सहयोग मान्न आउने गरेको बताइन्छ । विभिन्न संघ-संस्थाले विभिन्न कार्यक्रम गर्दा खानाका लागि, कार्यक्रम संचालनका लागि, यातायात खर्चका साथै अन्य अनुपयुक्त कामका समेत सहयोग मान्ने गरेका छन् । जिबिसमा केही सरकारी संस्थाहरुले पनि धेरै

बाहनामा सहयोग मान्न आउने गरेको बताइन्छ । जसका कारण स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीका साथै जिबिसका सम्बन्धित कर्मचारी पनि हैरानमा पर्ने गरेका छन् । सहयागका नाममा हुने यस्ता अवाञ्छित गतिविधिले कास्कीका स्थानीय विकास अधिकारी भएर हालैमात्र आएका रामचन्द्र तिवारी हैरानमा पर्ने गरेका छन् । उनी भन्छन्-'यसअघिका स्थानीय विकास अधिकारीले मान्न आउने सबैलाई धेरै/थोरै सहयोग दिने गर्नुभएको रहेछ । मान्न आउनेक्रम अहिले पनि जारी नै छ। यसबाट म हैरान भइसकें ।' आफूले मान्न आउनेलाई सहयोग दिन बन्द गर्न खोजेको तर कठिनाइ भइरहेको उनले बताए । 'अब मान्न आउनेलाई म सहयोग दिन्न । जे गर्छन् गरुन, म त्यसको प्रवाह गर्दिन । मातहतका कर्मचारीलाई सहयोगका नाममा आउने पत्र नै नबुझ्न भनिसकेको छु, प्रश्न गर्दै तिवारीले भने-'चन्दा र सहयोग मान्न आउनेसंग डिल गर्दैमा मेरो दिन बित्छ । अनि मैले कसरी अन्य काममा ध्यान दिउँ ?' एकै दिनमा कम्तिमा ३० देखि १५० जनासम्म सहयोग मान्न आउने गरेको उनले खुलाशा गरे ।

मेहनत गरेर खानुपर्छ भन्ने संस्कार नेपालमा धेरै कम भएको र सहयोग मागेको भरमा ठूलो सपना देखेहरू धेरै भएको तिवारी बताउछन् । भोलामा संस्था बोक्ने अनि खल्तीमा हाल्ने पैसा माग्ने प्रवृत्तिलाई अन्त्य गर्न आफूले खोजेको तिवारीले स्पष्ट पारे । 'संस्था चलाएर व्यांन गर्न, जन्म दिन मनाउन र श्राद्ध गर्न सकिदैन भने किन संस्था चलाउनु ?' उनले भने-'मागेकै भरमा संस्था चलाउने हो भने त्यस्ता संस्थालाई बन्द गर्न या खारेज गर्न म चुनौती दिन्छु'

'भिख मागेरै संस्था चलाउने प्रवृत्ति जति चल्नु वियो चल्यो । अब त्यस्ता संस्था चल्न सक्दैनन्, जिबिसबाट एक कौडी पनि पाउदैनन्-तिवारीले भने । 'नेपालमा संचालित गैरसरकारी संस्थाले सबै काममा राज्यको भर परेर राष्ट्र डुबाए', उनले भने-'त्यस्ता संस्थालाई जिबिसमा प्रवेश गर्न अनुमति छैन । अन्य निकायले पनि सहयोगका नाममा रकम बाँड्ने कार्यलाई बन्द गर्नुपर्छ ।' भिख मान्न आउनेलाई नदिदा धर्काउने र धम्की समेत दिने गरेको तिवारीले दुखेसो गरे । उनले भने-'यदि रकम नदिने हो भने धर्काएरै भएपनि मान्ने प्रयत्न गर्छन् र त्यतिले पनि पुगेन भने धम्की समेत दिएर जाने गरेका छन् ।' उनले सचेत नागरिक पत्रकारले समेत कहिले गोष्ठी, कहिले विज्ञापन त कहिले अधिवेशन आयोजना गर्दा खाना लगायत कामका लागि बजेट मागेर हैरान पारेको खुलासा गरे ।

रचनात्मक र विकासमूलक कामका लागि भने परिस्थिति हेरेर आफूले सक्दो सहयोग गर्ने उनले स्पष्ट पारे । रचनात्मक र विकासमूलक काम बाहेक न्वांरन गर्न र तिर्थ मनाउन झोला लिएर कोही पनि नआउन उनले आग्रह गरे । यस्तो विकृति सबै क्षेत्रमा व्याप्त रहेकोले विकृति अन्त्य गर्नि सहयोगका नाममा दिइने बजेटलाई विकासमा लगाउने हो भने मुलुक छिटै संवृद्ध हुने उनको दावी छ । नेपालमा नराम्रो कुराको मात्र खोजी गर्ने प्रवृत्तिलाई अन्त्य गर्दै सबै अघि बढ्ने हो भने मुलुक संवृद्धितर्फ जाने उनले स्पष्ट पारे ।

नेपालको संविधानमा मधेशीको अधिकार

नेपालको संविधानमा मधेशीको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- सामाजिक न्याय सुनिश्चित गर्न राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक
- समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मधेशी लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आमाको मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्न हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आमाको भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका मधेशी सम्मलाई समावेशी सिद्धान्तका आधारमा राज्यको विकासमासहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- मधेशीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समृद्धयभिव्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- संवैधानिक निकायको रूपमा नेपालमा एक मधेशी आयोग रहने ।
- नेपाली सेनामा मधेशी समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिहरूमधेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

गगन थापा महामन्त्रीका दावेदार

दाङ ३ माघ ।

नेपाली कांग्रेसका युवा नेता गगन थापाले १३ औं महाधिवेशनमा युवा पुस्ताको नेतृत्व गर्दै महामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । रिपोर्टर्स क्लब दाङले आइतबार घोराहीमा आयोजना गरेको कार्यक्रममा थापाले महामन्त्रीमा उमेद्वारी दिने घोषणा गरेका हुन् । उनले पार्टीको निर्णायक तहमा पदाधिकारीको भूमिका हुने भएकाले युवा पुस्ताको नेतृत्व गर्दै महामन्त्रीमा उम्मेदवारी दिन आफू तयार रहेको बताएका हुन् । थापाले अघिल्लो पुस्ताका सबै नेताहरुले सभापति नै ताकिरहेकाले महामन्त्री युवा पुस्ताकै हातमा आउने सम्भावना बढेको बताए । उनले सभापतिका लागि दावी गरिरहेका वर्तमान सभापति सुशिल कोइरालासहित उपसभापति रामचन्द्र पौडेल र वरिष्ठ नेता शेरबहादुर देउवालाई अभिभावकको रुपमा बस्न आग्रह गरे ।

खुकुरी हानाहान

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

तनहुँ व्यासनगरपालिका वडा नं २ स्थित मालपोत लाइनमा युवाबीच भएको झडपमा परी एक युवकको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । उक्त घटनामा संलग्न भएको आशङ्कामा प्रहरीले २७ जनालाई पक्राउ गरी अनुसन्धान थालेको छ । मृत्यु हुनेमा व्यासनगरपालिका-२ निवासी दिनेश थापा रहेको जिप्का तनहुँका प्रहरी नायब उपरीक्षक राकेश सिंहले जानकारी दिए । खुकुरी प्रहारबाट गम्भीर घाइते भएका थापाको उपचारका क्रममा सनिवार ९ बजे दमौली अस्पतालमा मृत्यु भएको हो । उक्त घटनामा परी व्यासनगरपालिका-१० निवासी १७ वर्षीय रेगन थापा र१६ वर्षीय अरुण आले घाइते भएका छन् । उनीहरूको थप उपचारका लागि पोखरास्थित मणिपाल अस्पतालमा उपचार भइरहेको जनाइएको छ ।

तुरून्त आवश्यकता

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी आवश्यक परेकाले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	संख्या
२.	कुक	१ जना

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०९

कर्मचारी आवेदन फर्म भर्ने सूचना !

कृषि विकास बैंक लिमिटेडमा माग गरिएको २९८ जना सहायक कर्मचारीका लागि फर्म भर्ने तथा फर्म बुझाउनका लागि यस केन्द्रमा शीघ्र सम्पर्क गर्नुहोला ।

नोट : तयारी कक्षा, Syallabus, फर्मको समेत व्यवस्था छ ।

Contact:
MATCOSC
टीका भवनको तेस्रो तला, महेन्द्रपुल, पोखरा (सीता भवनको ठीक अगाडि)
Ph:061-540297, 9846119575, 9849292120

हार्दिक बधाई एवं शुभकामना

श्री केशवप्रसाद अधिकारी

हाम्रा आत्मीय मित्र एवं जगदम्बा ट्राभल्स पोखराका अध्यक्ष श्री केशव प्रसाद अधिकारीज्यू शान्ति र विकासप्रति समर्पित भइ राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएबापत राष्ट्रिय नागरिक विकास समाजले राष्ट्रिय नागरिक सम्मानद्वारा सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको अझै उन्नतिका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

इन्द्रबहादुर कुँवर (अध्यक्ष) एवं
कुँवर अर्गनाइजेशन परिवार
नयाँबजार, पोखरा, फोन : ०६१-५२६४६१, ५२५४४४

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?

रोजगरीका लागि विदेश जाई रात लगानीमै भयरान भरेर आफ्नो गर्न चाहानुहुन्छ भने तपाईको रोजाई बन्न सक्छ ।

★ सिर्जना मिनी मार्केट ★

पोखराको नूए रिजेन्सीको रिक्त मेट्रोपोलिटन हस्पिटल अगाडी पर्सिङ कृषिका सम्मान मानकर दक्षिण ३०ई छानमुनि ५०० वटा स्टलहरु रहेको सुजना मिनी मार्केटमा सकजनै स्टल कृषिनु नराईसकमुहोस् ।
लामो समयदेखि मार्केट सञ्चालन गर्दै आएका अनुभवी व्यक्तिहरुद्वारा सञ्चालित सिर्जना मिनी मार्केट अति नै उपयुक्त रहेको छ ।

यहाँ मांडा, खाद्यान्न, फलफुल, तरकारी, लत्ताकपडा व्यवसाय गर्न सकिन्छ ।
कृषिकुरा लागि सम्पर्क : स्टलहरुको कुराका लागि सम्पर्क गर्नुहोस्

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग में किन ?
- तपाईले खोजेको कुनैपनि मुगलरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् मुगलरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि मुगलरीय फिटिङ्ग मेशिन प्रयोग गरिने,
- महीला भाषा, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- डर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्रो बाबाको सबै बबिन टेलरिङ्गमा सिलाई गुणस्तर...
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
पुतलीसडक, केरी
फोन: ०६१-५३०५०२
न्यूरोड, पोखरा (भाटभटेनी बीच)
फोन: ०६१-५३०७०३

कोरियन भाषामा भर्ना खुल्यो

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

यूपमा आउनेलाई विशेष छुट

सम्पर्क
प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट
न्यूरोड, पोखरा (एर्पिमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकनजी)
फोन : ०६१-५३०८५२, ९८१७१४४६३३, ९८४६०७०७६१९

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मलुंका साथै ब्राण्डेड प्रोडक्टस्द्वारा फेसियल गरिन्छ । साथै मेंही केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५५३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

हिसान स्पोट्स मिट : छात्रा बास्केटबलमा माउन्ट अन्नपूर्ण र कास्की मोडनाइज्ड फाइनलमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

उच्च माध्यमिक विद्यालय संघ (हिसान) कास्कीको आयोजनामा पोखरा रङ्गशालामा हिसान स्पोट्स मिट जारी छ शनिवारदेखि सुरू भएको स्पोट्स मिटमा कास्कीका निजी क्षेत्रबाट सञ्चालित ४३ उच्च माविमा अध्ययनरत कक्षा ११ र १२ का १ हजार आठ सय विद्यार्थी सहभागी छन। स्पोर्टस् मिटमा आइतवार पनि छात्रछात्रा भलिवल प्रतियोगिता, छात्रछात्रा बास्केटबल प्रतियोगिता र टेबुलटेनिसमा छात्रछात्रा एकल तथा जोडी प्रतियोगिता भएका छन्।

स्पोट्स मिटमा भलिवल अन्तर्गत छात्रतर्फ आइतवार छ खेल भएका छन् भने छात्रातर्फ ५ खेल भएका छन्। छात्रतर्फको खेलमा कास्की मोडनाइज्ड उच्च मावि, पोखरा उच्च मावि, पोखरा मल्टीमोडल उच्च मावि र नेपाल ट्रेजिम होटल म्यानेजम्यान्ट कलेज सैमिफाइनलमा प्रवेश गरेका छन्।

यस्तै छात्रातर्फ बालोदय उच्च माविलाई पोखरा मल्टीमोडलले र प्रतिभा उच्च माविलाई डायमण्ड उच्च माविले लगातार दुई सेटमा नै जित हासिल गरेको छ यसैगरी, ग्लोवल कलिजियट उच्च माविलाई स्पाइरल ग्यालेक्सी उच्च माविले, लिटिल स्टेप उच्च माविलाई माउन्ट अन्नपूर्ण उच्च माविले, कास्की मोडनाइज्डलाई सिर्जना उच्च माविले दुई सेट नै आफ्नो कब्जामा पार्दै जित हासिल गरेको छ यसैगरी नेपाल ट्रेजिम होटल म्यानेजम्यान्ट कलेजलाई सगरमाथा उच्च माविले दुई एकको अन्तरमा पराजित गरेको छ। सोमबार पनि छात्रछात्रा गरी आठ खेल हुने भलिवल संयोजक दिवाकल जैसीले जानकारी दिए।

टेबुलटेनिस अन्तर्गत आइतवार छात्रछात्रा एकल प्रतियोगिता भएका छन् भने जोडीतर्फ छात्रको मात्रै खेल भएको छ। छात्र एकल टेबुल टेनिसमा प्रकास मगर पोखरा मल्टीमोडल उच्च माविं, अभिषेक सुवेदी डायमण्ड उच्च माविं, अनुज कुँवर माउन्ट अन्नपूर्ण उच्च माविं, प्रदिप अधिकारी पोखरा उच्च माविं, निसान लामिछाने स्टेप वाई स्टेप उच्च माविं, सुमन पौडेल स्टेप वाई स्टेप उच्च माविं, सबिन लामिछाने माउन्ट अन्नपूर्ण उच्च माविं, शङ्कर एसी मेरीगोल्ड उच्च माविं, सन्देश तिमिल्सिना डायमण्ड उच्च माविं, पूर्ण क्षत्री सबलाइन उच्च माविं, अंलिल कार्की ग्लोवल उच्च माविं, सुशान्त कार्की ग्लोवल उच्च माविं, सुमेश लामा लक्ष्मी एकेमेडी, अनिल कार्की ग्लोवल उच्च माविं, सुशान्त कार्की ग्लोवल, प्रविन गुरुङ प्रतिभा तेस्रो चरणमा प्रवेश गरेका छन्।

यसैगरी, अनुस कुँवर माउन्ट अन्नपूर्ण उच्च माविं, सन्देश पन्थ लक्ष्मी एकेमेडी, सुमेश लामा लक्ष्मी एकेडेमी र स्टेप वाई स्टेपका बिसाल लामिछाने क्वाटर फाइनलमा प्रवेश गरेका छन भने सुशान्त कार्की ग्लोवल उच्च माविं, प्रदिप पौडेल पोखरा उच्च माविं पि क्वाटरफाइनलमा प्रवेश गरेका छन।

यस्तै, छात्रा एकलतर्फ एलिसा तामाङ, पर्वत गीतम महरनाण्ड उच्च माविं र प्रज्ञा पोखेल तेस्रो चरणमा प्रवेश गरेका छन् भने प्रर्फुल तिमिल्सिना ग्लोवल कलिजियट उच्च माविं, सविना गुरुङ, मुना थापा, सिर्जना उच्च माविं र कविता थापा र पोखरा उच्च माविं क्वाटर फाइनलमा प्रवेश गरेका छन।

यसैगरी, छात्र जोडीतर्फ ग्लोवल उच्च माविं, लक्ष्मी एकेडेमी, माउन्ट अन्नपूर्ण कलेज, जुनियर सिटिजन एकेडेमी र पोखरा उच्च माविका जोडी क्वाटर फाइनलमा प्रवेश गरेका छन्। छात्रा जोडीतर्फ भने सोमवार मात्रै खेल हुनेछ। स्पोट्स मिटको बास्केटवल अन्तर्गत आइतवार छात्रातर्फ ६ र छात्रतर्फ १० खेल भएका छन्। छात्रतर्फ माउन्ट अन्नपूर्ण उच्च माविं र कास्की मोडनाइज्ड उच्च माविं फाइनलमा उपाधिका लागि भिड्ने भएका छन् भने ग्लोवल कलिजियट उच्च माविं र नेपाल ट्रेजिम होटल म्यानेजम्यान्ट तेस्रो स्थानका लागि प्रतिस्पर्धा गर्ने कास्केट वल संयोजक राजु कायस्थले जानकारी दिए। यसैगरी, बास्केटवल छात्रतर्फ माउन्ट अन्नपूर्ण उच्च माविं, स्पाइरल ग्यालेक्सी उच्च माविं, मायमण्ड उच्च माविं, पोखरा उच्च माविं, समगरमाथा उच्च माविं, कस्णानिधि उच्च माविं, माउन्ट अन्नपूर्ण कलेज तेस्रो चरणमा प्रवेश गरेका छन्। माघ २ गतेदेखि सुरू भएको हिसान स्पोट्स मिट माघ पाँच गतेसम्म चल्ने मूल संयोजक रमाकान्त बरालले जानकारी दिए। हिसान कास्कीले विभिन्न विद्यालय तथा विद्यार्थीलाई एकै ठाउँमा ल्याएर शैक्षिक गुणस्तरसँगै खेलकूद विकासका लागि र आपसी सम्बन्ध विस्तारका लागि प्रत्येक वर्ष स्पोर्टस् मिट गर्दै आएको अध्यक्ष बाबुराम पन्तले जानकारी दिएका छन्।

मुनाल सहकारीद्वारा बाबा फाउण्डेशनलाई सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

पोखराको न्यूरोडमा कार्यालय रहेको मुनाल बचत तथा ऋण सहकारी संस्था लि. आईतवारबाट आठौं वर्षमा प्रवेश गरेको छ। २०६५ साल माघ ३ गते दैखि विधिवत कारोबार शुभारम्भ गरेको यस सहकारीले आठौं वर्ष प्रवेशको अवसरमा बालबालिकाको क्षेत्रमा कार्यरत बाबा फाउण्डेशन नेपललाई १५ हजार एक सय ११ रूपैया सहयोग प्रदान गरेको छ। संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत सरकारी विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीको पठनपाठनलाई यो सहयोग गरेको अध्यक्ष मेघनाथ काफ्लेले बताए। सहयोग रकमको चेक सहकारीका अध्यक्ष मेघनाथ काफ्लेले बाबा फाउन्डेशन नेपालका सचिव टकराज अधिकारीलाई हस्तान्तरण गरेका थिए। कार्यक्रममा बोर्ड सहकारीका उपाध्यक्ष तथा कार्यक्रम संयोजक दुर्गाप्रसाद हमागाईले सहकारी संस्थालाई समाजमा परिचित र स्थापित गर्नको लागि आर्थिक कारोबार मात्र नभइ सामाजिक कार्यहरु गर्नुपर्नेमा जोड दिए। सहकारीले सामाजिक उत्तरदायित्व अन्तर्गत स्थापनाकालदेखि हरेक वर्ष यस्ता सामाजिक कार्यलाई निरन्तरता दिईरहेको उनले बताए। कास्की जिल्लाभरी कार्यक्षेत्र भएको यस सहकारीका अधिकृत पूँजी १० करोड रुपैयाँ छ। निक्षेप संकलन ९ करोड ७५ लाख र ऋण लगानी ११ करोड १० लाख रहेको सहकारीले पोखराको न्यूरोडमा आफ्नै निजी भवन खरिद गरिसकेको बताइएको छ। कार्यक्रममा सहकारीका सचिव खेमनारायण खनाल, कोषाध्यक्ष मगनलाल थेप्ट, सदस्य रामजी नेपाली नारायण थापा मुक्तिनाथ अधिकारी रमेश पौडेल, सुदंशन प्रधान लगायतले बोलेका थिए।

संविधानप्रति असन्तुष्टि राख्नेलाई संवोधन गर्नुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

पूर्वसभामुख, संविधानविद् दमननाथ ढुंगानाले असन्तुष्टहरुको राष्ट्रिय सम्मेलन गरी उनीहरुको माग संविधानमा सम्बोधन गराउनुपर्ने बताएका छन्। तमुवान संयुक्त संघर्ष समिति तमुवान प्रदेशले आइतवार पोखरामा आयोजना गरेको नेपालको संविधानको विरोध किन ? विषयक अन्तर्क्रिया कार्यक्रममा ढुंगानाले संविधान जारी गर्नु अघि असन्तुष्टिहरु हुदा-हुदै संविधान जारी गरिएकाले मुलुकमा संकटको अवस्था आएकोले थप मुठभेडको अवस्थामा जान नदिन वार्ता र सहमतिबाटै सबैको अधिकार सुनिश्चित गरिनुपर्नेमा जोड दिए। उनले अहिले संविधान त बन्यो तर जनताको होइन दलको बन्यो भन्ने टिप्पणी गर्नुहुदै संविधान निर्माणमा दलले क्रीप जारी गर्नु दुखद्दायी भएको बताए। जनताले अधिकार सहितको संविधान चाहन्थे त्यो भावनाको कुठराघात भएको उनले स्पष्ट पारे।

आदिवासी जनजाति राष्ट्रिय आन्दोलनका संयोजक पद्मरत्न तुलाधारले नेपालका बहुसंख्यक जनता वेखुस भएको संविधानलाई विश्व कै उत्कृष्ट संविधान भन्नु हास्यस्पद भएको बताए। उनले पार्टीको क्रीप मात्रै होइन आदेश र धम्कीबाट मस्यौदा समितिले समेत मस्यौदा पढ्न नपाई संविधान आएकोले उत्कृष्ट होइन, जनताको अधिकार विहिन अलोतान्त्रिक संविधानको संज्ञा दिए। संविधान लागु नहुदै संशोधन प्रस्ताव आउनु संविधानमा ठूलो त्रुटि छ भन्ने भएको भन्दै संविधानलाई नेपालको कुनै पनि आन्दोलनले सैवकार नगरेको दावी गरे।

नागरिक अगुवा विजयकान्त कर्णले असोकतान्त्रिक विधिबाट ल्याइएको संविधानका एक सय भन्दा बढी धाराहरु नेपाली जनताको विरुद्धमा भएकाले जनताले संविधान अस्वीकृत गरी आन्दोलित भएको बताए। समानुपातिक प्रतिनीधित्व, सामुदायिक अधिकार, पहिचान, पहुँच, विविधता, संघीयता, सामाजिक न्यायका अधिकारहरु कटौती गरी संविधान जारी गरिएकाले संविधानका विरुद्ध जनता आन्दोलित भएको उनले बताए।

तमुवान संयुक्त संघर्ष समितिका संयोजक हमबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल जनभावना पार्टीका अध्यक्ष सूर्य खड्का विचर्ची, थकाली सेवा समितिका निवर्तमान अध्यक्ष अम्बर तुलाचन, तमु धिं नेपालका अध्यक्ष कर्म तमु, कृष्णबहादुर गुरुङ, इमानसिंह गुरुङ, नेम गुरुङ, जगन गुरुङ, धर्मराज गुरुङ, सुबेदार नीचबहादुर गुरुङ, हेमप्रसाद गुरुङ, तमुवान संयुक्त संघर्ष समितिका सचिव गजेन्द्र लिम्बुले लगायतले बोलेका थिए।

बिग आइकन जारी

पोखरा ३ माघ ।

बिग आईकनको यो सिजन अन्तरगत उत्कृष्ट १५ जना प्रतिस्पर्धीहरु छनौट भएका छन्। आइतवार उत्कृष्ट २० प्रतिस्पर्धीहरु बीच भएको प्रतिस्पर्धाबाट ५ जना प्रतिस्पर्धी बाहिरिएपछि बिग आईकनमा १५ जना प्रतिस्पर्धीहरु बचेका हुन्। आईतवार भएको अडिसनबाट सुनील गुरुङ, सुबास गुरुङ, राम घर्तीमिरे, शक्तिकुमार थेप्ठ र निलम सुनार बाहिरिएको आयोजक बिग एफएमले जनाएको छ। प्रतियोगिता अन्तरगत बिग आईकनको यो सिजनमा ४२ जिल्लाका ९ सय ३ जना प्रतिस्पर्धीहरुले सहभागिता जनाएका थिए। आईतवार भएको उत्कृष्ट १५ प्रतिस्पर्धी छनौट चरणमा गायकद्वय विवेक श्रेष्ठ र विनोद बानिया निर्णायकको रुपमा रहेका थिए। निर्णायकहरुका अनुसार प्रतियोगिता अगाडि बढ्दै जाँदा प्रतिस्पर्धीहरुबीच निकै कडा प्रतिस्पर्धा देखिएको र यो पटक सबैजना निकै प्रतिभावान प्रतियोगी भएका कारण अगाडिका चरणमा प्रतिस्पर्धा अझै कडा हुने निश्चित बताइन्छ।

राहदानी हरायो

मिति २०७२.०८.०५ गते गगनगौं डाबाट विजयपुर जाने क्रममा निम्न व्यहोरा भएकों राहदानी हरायको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहन अनुरोध गर्दछु ।

नाम	: अजित पन्थी
ठेगाना	: लेखनाथ-१३, कास्की
राहदानी.नं.	: ०६७४३७५२
सम्पर्क	: ९८४३२८४०१८

प्रो. बद्री के.सी. : ४८५६०२४८४६
प्रो. गोपाल बहादुर कार्की : ४८५६०३१८७२
प्रो. राजेश के.सी. : ४८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फूल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

पोखरामा पहिलो पटक
तोलघट्टक : लिङको साइज, पावर बढाउन, लिङ्ग स्वस्थ रोक्न, विश्व विख्यात हर्बल साप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, मुलाङ्ग कसिलो बनाउन, पेटको घिरा हटाउन।
केश भर्ने रोकी उमाले तेल, Hair Building Fibers.
Cuit Face बनाउन सय अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी पुरोट, खैनी, भाँजा तथा फुस्रा छुटाउन।
दौड तथा जोगी दुवाई ठिक पार्न, सम्पो सुधा पेसिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
फिर होम डेलिभरी
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न
Log on :
www.goldennews.com.np

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेबभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलको गाउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाट इखेको, थाप, शुक्री, बौभोपन हटाउने न्याटिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिमावारी भएको ० झिर र बुढो गरेको १ अपर्याप्तिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्वाचोक प्रतिष्ठालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ४८४६२८५५५

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin इबुई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस ग्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी ९०घण्टासम्मको बैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं ३०,
फोन:०६१-५२०५२, मो. ९८४६०-४१९२

वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudabi-Qbai कतार, साउदी आदिमा सेक्युरिटी गार्ड, कुक, वेटर ड्राइभर, अफिस ब्वाई, रूम ब्वाई लगायतका काममा जान चाहने व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला । साथमा Abudabi को Spark Middle Est Star Skill force UAE को DPS कतारको Grup-4, बहरानइन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि. बाट अन्तर्राष्ट्रिय स्तरको Diphomatic सेक्युरिटी गाडए तालिम अंग्रेजी भाषा र अन्तर्वात तयारी कक्षाहरु भइरहेको हुँदा ईच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
फिसर इम्पोइमेन्ट एण्ड आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ४८४६३५५३४२ (हिसी अर्वाल), ४८४६०३५४४२
४८०६७०८२४६, ४८०६७०८२४७, ४८४६५४३३३१
०६१-५३०७२४, ५३५३६२ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना सकि बहुने, अमिलो पानी आउने, भर्सिल डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
योन समस्या: लिङ्ग स्वस्तल, उत्तेजना बढ्ने, लिङ्ग छिटाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी गडबडी, सेतोपानी बग्ने, योनी छिटाउने, तल्लो पेट दाह कमर दुखे, पेट तथा छातीमा भएको सेतो धसी हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्न, यौन समाधानमा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता: कालो धाबी पोत्ता, इण्डिपफोर, दाग धब्बा, मस्किया, काठी, पाउरुपिन हटाई पूरै शरिर गोरो बनाउने ।
सुस्ती थाकेको शरिरमा फोल्ट बढाउनी लागि योनी एक पाउडर ।
थप उपचार: ऐसर, सुनर, जण्डिस, पिलास, पाइल्स, दम साँसे बाथ, दाह कम्मर, हाड जोडी पूरै शरिर दुःखाई ठिक पार्न मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीमार्ग, पोखरा मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३९८६७, ०६-१२२४५४८, मो. ४८४६१३७४९८
फिर होम डेलिभरी

जीवन के.सी.
मो. ९८४६०-३८०६६
९८०६६-४०६८४
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८
विवाह व्रतबन्ध भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी बाहिएमा हामीलाई सम्झनुहोस् ।

पहिलो नेपाला ८० हजार प्लेट म.म विधि
स्टल राखौं
Trainer Nepal—५३९८८१७
म.म तथा पुष्पुष्टी व्यापारिक प्रवोधनका लाग्नुहोस
२०औं म:म: मेला
फ्याक्टर ६-८, पाटाँमे सेन्टर, कालिमाटी, पोखरा
दोहोरी/ प्रहसन/ बाल उद्यान
LIVE CONCERT/DJ SESSION
सप जानकारीको लागी ट्रेनर नेपाल ५३९८८१७, एलएलम एसाज विपोदुद्ध पोखरा
OUR EVENTS
MISS POKHARA QUEEN/PATANJALI YOG SHIVIR/ SEMINAR WITH YOGI BIKASHANANDA
MEGA MODEL POKHARA/MISS THAKALI NEPAL/NEPATHYA CONCERT/DASHAIN MAHOTSAB
Organized by: Trainer Nepal
Promoted by: पोखरा प्रदेश वाणीज्य संघ
Supported by: आदर्श समाज

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।

- लर्ड नेपियर

सम्पादकीय ...

वैदेशिक रोजगारको सकस

केही दिन अघि वैदेशिक रोजगार सम्बन्धी पोखरामा एक अन्तर्क्रिया कार्यक्रम भयो पत्रकारहरूसंग । वैदेशिक रोजगार र समस्याका बारेमा विशेष केन्द्रित थियो कार्यक्रम । त्यसैलाई आधार मान्ने हो भने वैदेशिक रोजगारमा जाने र दूःख पाउनेको अवस्था भयानक कारूणिक छ । २०६८ को जनगणना र त्यसयताको प्रक्षेपण हेर्दा अहिले नेपालको जनसंख्या दुई करोड ८० लाखको हाराहारीमा छ । त्यसमध्ये ४५ लाख युवा बाहिरिएको तथ्यांक सार्वजनिक भयो । सामगरी २०५२ सालयता ३४ लाख ७६ हजार बढी युवा विदेशिएको तथ्यांक बाहिर आएको छ । यो नेपालबाट श्रम स्वीकृति लिएर वैधानिकरुपमा विदेश जानेहरूको संख्या हो । यसबीचमा केही आउने जाने पनि गरे होलान् । ठूलो संख्यामा युवाहरु त्यसअघि एएका पनि उतै छन् । तेस्रो मुलुक हुदै गैरकानुनीरुपमा विदेश गएकाहरूको समेत संख्या हेर्दा आधा करोड युवा अहिले पनि विदेशी भूमिमा सस्तो मूल्यमा श्रम बिकी गरिरहेको देखिएको छ । एक करोडको हाराहारीमा रहेका नेपाली युवामध्ये आधा युवाहरु विदेश जानु समय देश निर्माणका हिसाबले पनि निकै गम्भीर र संवेदनशील सवाल हो । २०६२/०६३ मा दुलो राजनीतिक परिवर्तन भयो । ९९ दिने आन्दोलनपछि लोकतन्त्र स्थापना, संविधानसभाको चुनाव, गणतन्त्र घोषणा हुदै २०७२ असोज ३ गते संविधान जारी भयो । यो दश वर्षको अवधिमा नेपाली राजनीतिमा उथलपुथलकारी परिवर्तन भयो । राजनीतिक परिवर्तन भए पनि राजनीतिक स्थायित्व कायम हुन सकेन । जसले गर्दा विकास निर्माण र आर्थिक समृद्धिको क्षेत्र निकै पछाडि पऱ्यो । यही कारणले नै यो एक दशकमा नै सर्वाधिक नेपाली युवाहरु विदेशिन बाध्य भए । युवाहरुको विदेश पलायन राजनीतिक परिवर्तन भए पनि त्यसलाई संस्थागत गर्दै राजनीतिक स्थायित्वसहित देश विकासको अभियान शुरु नगर्दाको प्रतिफल हो । अहिले गाउँहरु पूरै वृद्धाश्रमजस्ता देखिन्छन् । युवा जति विदेश पुगेका छन् । विदेशिएका युवाका छोराछोरीको अध्ययनका लागि श्रीमतीसहित सन्तानहरु बजार पसेका छन् । गाउमा वृद्धवृद्धाहरु कठिन श्रम गरेर जीवन निर्वाह गर्नुपर्ने बाध्यता छ । जसले गर्दा खेतीमाथि घटेर हरेक वर्ष बाँझो जमिन बढिरहेको छ । गएका वर्षहरुमा विपेषणले अर्थतन्त्रको ठूलो हिस्सा ओगटेको छ । देशलाई तत्कालको आर्थिक संकटबाट जोगाउन वैदेशिक रोजगारले सहयोग गरिरहेको छ तर दीर्घकालीन हिसाबले यसका फाइदा भन्दा बेफाइदा नै बढी छन् । एउटा त रेमिट्यान्स सदुपयोगको राम्रो नीति छैन । नेपाली युवाहरुले विदेशमा सस्तो मूल्यमा श्रम बेचेर पठाएको रकमको आवश्यकताभन्दा फजुल खर्च बढी भइरहेको छ । लगानी गरे पनि त्यो उत्पादकभन्दा अनुत्पादक क्षेत्रमा बढी भइरहेको छ । धेरैको त विदेश गएका युवाहरु फर्कंदासम्म उनको पारिश्रमिक सकिने स्थिति देखिएको छ । यसले गर्दा युवाहरु विदेशिने क्रम झन बढ्नसक्छ । अब संविधान बनिसकेको स्थितिमा युवा पलायन रोक्न दुईबाहले नीति अख्तियार गर्न जरुरी छ । एउटा देशभित्र स्वरोजगार र उद्यमी बन्नेतर्फ प्रेरित गर्ने सरकारी नीति बन्नुपर्छ । एकपटक विदेश गएको युवाले आफ्नो कमाइको देश प्रतिशत मात्र देशका ठूला उद्योगधन्दामा लगानी गर्ने अवसर सिर्जना गर्ने हो भने ऊ स्वदेश फर्केदा उद्योगको लगानीकर्ता बन्नेछ । हाइड्रोलगायतका क्षेत्रमा लगानी गर्दा एकातिर विद्युत उत्पादन बढेर लोडसेडिङको समस्या कम हुने छ भने अर्कोतिर विदेश गएका युवाहरु स्वदेश फर्केदा लगानीकर्ता बनिसकेको हुनेछन् । त्यस्तो लगानी गर्ने युवाहरुले चाहेमा उनीहरुको सीपअनुसार रोजगारी सुनिश्चित गर्ने नीति लिन हो भने कान्तिमा एकपटक विदेशबाट फर्केको युवा अर्कोपटक फेरि विदेश जाने छैन । त्यसका साथै विदेशमा गएर सिकेको सीप र क्षमता प्रयोग गर्ने अवसर पनि सिर्जना हुने छ । अब साँच्चिकै देश विकासमा लाग्ने हो भने युवाहरुलाई देशभैंबै बाँच्न सक्ने वातावरण सिर्जना गरिनुपर्छ ।

'धेरै मिलाउनु' पर्ने दवावमा कोइराला, देउवा आक्रामक

माधव धिताल/सेतोपाटी

नेपाली कांग्रेसको आसन्न १३ औं महाधिवेशनलाई लिएर सभापति सुशिल कोइराला (संस्थापन) र वरिष्ठ नेता शेरबहादुर देउवा पक्षबीच नेतृत्वका लागि रस्साकस्सी सुरू भएको छ। काठमाडौंमा आगामी फागुन २० देखि २३ सम्म हुने महाधिवेशनबाट दुवै पक्षले नेतृत्व लिन फरक फरक रणनीतिका साथ जिल्ला दौडाहा तथा जिल्लाबेखि केन्द्रीयस्तरका नेतासंग राजनीतिक छलफल र खिचातानीलाई तिव्रता दिएका छन् संस्थापन पक्ष अघिल्लो १२ औं महाधिवेशनमा पाएको मत सुरक्षित गर्दै सोही समूहलाई मिलाउन प्रयास गरिरहेको छ भने देउवा पक्षले संस्थापन पक्षसंग असन्तुष्ट प्रभावशाली नेतालाई आफ्नो समूहमा तान्ने कामगा ध्यान केन्द्रीत गरेको छ। अघिल्लो महाधिवेशनमा एक व्यक्ति एक पदको नीति अवलम्बन गर्ने भन्दै सभापतिमा चुनाव लडेका सुशील कोइरालाको पांच वर्ष कार्यकाल निकै सकसपूर्ण र तनावपूर्णरूपमा गुजारे। त्यतिमात्रै होइन आफू एक पटकका लागि सभापति लडेको र सभापतिमा जिते सबै पक्षलाई समेटेर अघि बढ्छु भनेका कोइराला अन्ततः गुट उपगुटको सिकार भएर असफल बनेको उनी पक्षधर नेताहरूले नै आरोप लगाइरहेका छन्।

पार्टी सभापतिमा कोइरालासंग तीन सयभन्दा बढी मतले पराजित भएका देउवाले भने पांच वर्षको अवधिमा कार्यकर्ताभाक्त कमै मात्रामा आचोलिन भए। जिम्मेवारी कम भएपछि आलोचना कम हुनु स्वभाविक हो। दुई पटक सभापतिमा चुनाव लडिसकेका देउवालाई यो पटक जसरी पनि सभापति पदमा आफू विजयी हुनुछ। यसपटक असफल भए अर्को पटक पालो आउने सम्भावना कमै छ। राजनीतिक यात्रामा तीन पटक मुलुकको प्रधानमन्त्री भइसकेका देउवालाई कांग्रेस सभापति पदको हुटहुटी स्वभाविक छ। त्यसैले पनि उनी जसरी पनि संस्थापन पक्षका नेतालाई आफ्नो पक्षमा तानेर चुनाव जित्ने रणनीतिमा लागेको उनी निकट एक नेताले भने।

संस्थापन पक्षबै केही नेता तान्न सके पार्टी एक भएपछि स्थायी रूपमा देखिएको ६०/४० को विभाजन पनि सकिने उनको विश्वास छ। यो विभाजन कायम रहन्जेल सभापति जित्न देउवालाई कठिन छ।

संस्थापन पक्ष भित्र चिरिचिरा

वर्तमान सभापति सुशील कोइराला आगामी महाधिवेशनमा फेरि आफैं सभापति लड्ने तयारीमा लागेका छन्। केही दिनअघि कोइरालाले पोखरामा आयोजित कार्यक्रममा आफू सभापति पदमै उठ्ने घुमाउरो भाषामा भनेका थिए। तर उपसभापति रामचन्द्र पौडेल यसपाली आफू जसरी पनि सभापति पदमा उठ्ने भन्दै देश दौडाहामा लागेकाले कोइरालालाई झ्टेरो पारेको छ। पौडेल मनाउनु कोइरालालाई पहिलो चुनौती हो। यस्तै पदाधिकारी मध्ये माधिल्ला पदका आकांक्षी महान्मन्त्रीद्वय प्रकाशमान सिंह र कृष्ण सिटौला, अर्जुननरसिंह केसी, सुजाता कोइराला, शेखर कोइराला, डा. रामशरण महत, महेश आचार्य लगायतलाई व्यवस्थापन गर्ने दोस्रो चुनौती छ। सिटौलाले त कतिपय कार्यकर्ता माझ आफू सभापतिमा उठ्ने बताइरहेका छन्।

पदाधिकारीको आश गरिरहेका विलेन्द्र बडुदेखि युवा पुस्ताका नेता गगन थापासम्मलाई व्यवस्थापन गर्ने तेस्रो चुनौती छ। उसो त अघिल्लो महाधिवेशनमा आफ्नो पक्षमा रहेका नेताहरुलाई यसपाली पनि आपनै गुटमा राख्न कोइरालालाई चुनौती नै छ। एउटै पदका आकांक्षी बढी देखिएकाले पनि कोइरालामाथि दबाव बढ्दो छ। संस्थापन पक्षका केहि सिनियर नेता उछिट्टिएर देउवा पक्षमा पुग्ने धेरैको अनुमान छ।

कार्यकर्ता पंतिमा पनि कोइराला प्रति असन्तुष्टी

सभापति पदमा विजयी भएदेखि नै कोइरालामाथि कार्यकर्ताको ठूलो पीत्त उनको कार्यशैलीप्रति सन्तुष्ट छैनन्। एकपटक मात्र सभापति बन्छु र संविधान आएपछि प्रधानमन्त्री हुन भनेका कोइरालाले सार्वजनिक विश्वासघात गरेको उनीहरूको आरोप छ। त्यस बाहेक कोइराला पार्टी सभापति भएपछिको पांच वर्षे कार्यकालभर कुनै पनि भ्रात् संगठनको चुनाव गराउन नसकेर पार्टीको संगठन लथालिङ पारेको, पार्टीलाई एकताबद्धरूपमा अघि बढाउन नसकेको, संविधान निर्माण गर्दा पार्टीको सहमति नबोजेको, समग्र पार्टीको भन्दा कोटरीमा रमाएको आरोप उनीमाथि छ। यी कारणले केन्द्रदेखि जिल्लासम्मका धेरै नेता तथा कार्यकर्ता कोइरालासंग असन्तुष्ट छन्। जिल्ला तहमा पनि संस्थापन पक्षले आफ्नो बर्चस्व गुमाउदै गएकोले कोइरालाको लागि आउने महाधिवेशन चुनौतिपूर्ण छ।

बेला व्यवस्थापन कोइराला भन्दा देउवालाई सहज

संस्थापन पक्षमा धेरै गुट उपगुटहरू क्रियाशिल छन् तर देउवा पक्षमा गुट त्यति देखिदैन। देउवालाई उमेदृश्वार चयन गर्न खासै समस्या देखिएको छैन। नेताहरू विमलेन्द्र निधि, पूर्णबहादुर खड्का, प्रकाशशरण महत, बालकृष्ण खाड महान्मत्रीका आकंक्षी भएपनि उनीहरूलाई देउवाले सहजै मिलाउन सक्ने अवस्था छ। देउवा पक्षमा अन्य सबै पद संस्थापन पक्षका मानिसहरुलाई दिएर पनि सभापति आफ्नो पक्षमा ल्याउनु पर्ने कुरा बहस चलिरहेको छ।

देउवालाई पार्टी सभापति मान्न संस्थापन पक्षका प्रभावशाली नेताहरू आए महत्वपूर्ण पद दिन देउवा समूह मन्जुर छ।

सुशीलका पक्षमा को ?

संस्थापन पक्षका कोइराला निकट नेता विपी पुत्र शशांक कोइराला, शेखर कोइराला, संगठन विभाग प्रमुख आनन्द ढुंगाना, पार्टी प्रवक्ता विलेन्द्र बडु, दिलबहादुर घर्ती, डा. मिनेन्द्र रिजालका साथै युवा नेता बर्षा पाण्डे, जीवन परियार, गुरूराज घिमिरे, प्रदीप पौडेललगायत नेता कोइरालानि सभापतिको उम्मेदवार हुनुपर्ने बताइरहेका छन्।

उनीहरूले कोइरालाको विकल्प नभएको भन्दै त्यही अनुसार लविइसमेत थालेका छन्। उनीहरूले संस्थापन पक्षबाट अरु उम्मेदवार हुंदा पार्टी देउवाको पोल्टामा जाने भन्दै सभापति कोइरालालाई मनाइरहेको कोइराला निकट एक नेताले बताए।

आक्रामक रणनीतिमा देउवा

अघिल्लो महाधिवेशनमा आफ्ना पक्षका बुंदै प्रभावशाली नेताहरू संस्थापन पक्षमा लागेपनि तीन सयभन्दा धेरै बढी मतले मात्रै पराजित भएका देउवाले अहिले आक्रामक रणनीति अख्तियार गरेका छन्। सभापति कोइराला पार्टीको नेतृत्वमा असफल भइसकेकाले अब नेतृत्व परिवर्तन आवश्यक रहेको भन्दै सभापतिमा आफ्नो पक्षमा पार्ने रणनीतिका साथ अघि बढेका छन् देउवा। देउवाले आफ्नो अवस्था बुझ्न आफू पक्षधर नेताहरूलाई जिल्ला जिल्लामा समेत खटाएका छन् भने आफै पनि देश दौडाहामा निस्केका छन्।

देउवाले पार्टी सभापतिमा सहयोग गर्न सभापतिमै उठ्ने घोषणा नै गरेर देश दौडाहामा रहेका रामचन्द्र पौडेलसंग पनि पटक पटक छलफल गरिसकेका छन्। उनले पौडेलाई यसपटक आफूलाई सहयोग गर्न आग्रह गरिरहेका छन्। देउवा पक्षले संस्थापन पक्षका प्रभावशाली असन्तुष्ट नेताहरुलाई आफ्नो पक्षमा तान्ने प्रयास गरिरहेको छ। पछिल्लो समय कोइराला क्याम्पमा रहेका अर्जुननरसिंह केसी देउवा क्याम्पमा आफ्नो स्थान खोजिरहेका छन् देउवा पक्षले अहिले आफ्नो पक्षमा माहोल बनाउने र संस्थापन पक्षसंग असन्तुष्ट भएका नेताहरुलाई आफ्नो पक्षमा ल्याउने रणनीतिका साथ चुनावी माहोलमा होमिएको छ।

विमलेन्द्र निधिदेखि पूर्णबहादुर खड्का, डा. प्रकाशशरण महत, बालकृष्ण खाड, ज्ञानेन्द्रबहादुर कार्की, एनपी साउद, रमेश लेखक, श्याम घिमिरे, पुष्पा भूसाल, भिष्मराज आइदर्मै, युवा नेता विश्वप्रकाश शर्मा लगायत नेता देउवाकी पक्षमा लविड गरिरहेका छन्। देउवा पक्षधर नेता डा प्रकाशशरण महतले पार्टीको नेतृत्व परिवर्तन आवश्यक रहेका भन्दै देउवा नै अहिलेको उपयुक्त 'क्यान्डिडेट' भएको बताउँछन्। उनले भने-'सभापति कोइरालाको कार्यकाल कस्तो रह्यो भनेचाहे सबैले देखेका छन्। उहाँ पार्टी चलाउन असफल नै भएको हो। त्यसैले नेतृत्व परिवर्तनको कुरा उठेको छ। नेतृत्व परिवर्तन हुँदा पार्टीमा पुर्ण्याएको सम्भावना कम रहेको एक नेताले बताए। उनले कोइराला लिगसीलाई जिवँदै राख्न र पार्टीलाई एकताबद्ध बनाउन फेरि एक पटक सुशील बा'लाई नै नेतृत्व दिनु पर्ने धारणा राखे।

कोइराला पक्षका नेताहरुले पौडेललाई प्रधानमन्त्री दिने गरी सहमति जुटने विश्वास व्यक्त गर्छन्। तो नेताले सेतोपाटीसंग भने, 'रामचन्द्रजीलाई मिलाउने सर्तमा उहाँलाई प्रधानमन्त्री र संसदीय दलको नेता बनाउनेबारे छलफल भइरहेको छ। पौडेलले मान्नुहुन्छ भन्नेमा हामी ढुक्क छौं।'

उसो त देउवाले पनि पौडेल उम्मेदवार बनेमा शंका व्यक्त गर्दै पौडेलसंगको छलफललाई पनि अघि बढाएका छन् संस्थापन पक्षको आधिकारिक उम्मेदवार बन्न नपाए पौडेल सभापतिमा लड्न अंट गर्न नसके संस्थापन पक्षकै नेताहरुले टिप्पणी गर्दै आएका छन्।

कोइराला प्रति देशभरका कार्यकर्ता माझ देखिएको अशन्तुप्टी बढ्दै गए बाध्य भएर देउवालाई रोक्न कोइरालाले पौडेललाई समर्थन गर्ने सम्भावना नसकिएको तर्क गर्ने पनि संस्थापन पक्षमा अझै धेरै छन्।

सभापतिमा उड्डान त रामचन्द्र?

सधैभंर संस्थापन पक्षमै रहेर लाभका पद पाएका उपसभापति रामचन्द्र पौडेल अहिले सभापतिका लागि भन्दै देश दौडाहामै छन्। उनले यो महाधिवेशनमा आफू जुनसुकै हालतमा पनि सभापतिमा लड्ने निर्णयबाट पछि नहटने बताएका छन्। उनले सुशील र शेरबहादुर दुवैले आफूलाई नेतृत्व छाड्नु पर्ने बताउँदै आएका छन्। उनले अब नेतृत्व परिवर्तन आवश्यक रहेको भन्दै त्यो नेतृत्व आफूले गर्न पाउनु पर्ने अडान अघि सारेका छन्। तर संस्थापन पक्षबाट उम्मेदवार नबनाए पौडेल तेस्रो टिम बनाएर सभापतिमा चुनाव लड्दा पनि गाह्रो हुने उनी निकट नेताहरु नै बताउँछन्। संस्थापन पक्षमा बसेर पनि कार्यकर्ताभाक्त आफ्नो पकड बनाउन नसकेका पौडेलका पक्षमा केही नेताहरु देखिएपनि खुलेर अभै अगेंका छैनन्।

कांग्रेस स्थापना भएदेखि नै रहदै आएको कोइराला लिगेसी बचाउन भएपनि सुशील कोइरालालाई आफै उठ्ने परिवारभित्रै र उनी निकट नेताहरुको चर्को दबाव रहेकाले पौडेललाई उम्मेदवार बनाउने सम्भावना कम रहेको एक नेताले बताए। उनले कोइराला लिगेसीलाई जिवँदै राख्न र पार्टीलाई एकताबद्ध बनाउन फेरि एक पटक सुशील बा'लाई नै नेतृत्व दिनु पर्ने धारणा राखे।

कोइराला पक्षका नेताहरुले पौडेललाई प्रधानमन्त्री दिने गरी सहमति जुटने विश्वास व्यक्त गर्छन्। तो नेताले सेतोपाटीसंग भने, 'रामचन्द्रजीलाई मिलाउने सर्तमा उहाँलाई प्रधानमन्त्री र संसदीय दलको नेता बनाउनेबारे छलफल भइरहेको छ। पौडेलले मान्नुहुन्छ भन्नेमा हामी ढुक्क छौं।'

उसो त देउवाले पनि पौडेल उम्मेदवार बनेमा शंका व्यक्त गर्दै पौडेलसंगको छलफललाई पनि अघि बढाएका छन् संस्थापन पक्षको आधिकारिक उम्मेदवार बन्न नपाए पौडेल सभापतिमा लड्न अंट गर्न नसके संस्थापन पक्षकै नेताहरुले टिप्पणी गर्दै आएका छन्।

कोइराला प्रति देशभरका कार्यकर्ता माझ देखिएको अशन्तुप्टी बढ्दै गए बाध्य भएर देउवालाई रोक्न कोइरालाले पौडेललाई समर्थन गर्ने सम्भावना नसकिएको तर्क गर्ने पनि संस्थापन पक्षमा अझै धेरै छन्।

आजको पञ्चाङ्ग

मिति २०७२ साल माघ ३ गते ।मबार, तदनुसार जनवरी १८ सन् २०१६, श्रीशाके ९१३७, नेपाल संवत् ११३६, कीलकनामः संवत्सरः, सूर्य पृथ्वीकी दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज पौषशुक्लपक्षको नवमी तिथि ३१ घटि ३५ पला अर्थात साँझमा ७ बजेर ३६ मिनेटसम्म त्यसउपरान्त दशमी तिथि लाग्नेछ । आज सूर्य मकर राशिमा, चन्द्रमा मेष राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि १९ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४८ मिनेटमा रौद्र मूहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २९ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा वृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

वृष : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

मिथुन : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

कर्कट : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

सिंह : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

कन्या : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

तुला : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

वृश्चिक : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समयमा दिन शुभ छ ।

धनु : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्कट खेप्नु पर्ला सतर्क रहनुहोला ।

मकर : आम्दानीमा एक्कासि वृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

कुम्भ : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

मीन : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्कोको काममा समय बित्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

क्वोइ च्हों देवी रनिङ शिल्ड फुटवल प्रतियोगिता सुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

लमजुङको पर्यटकीय गाउँ गिलुङमा आइतवारदेखि क्वोइ च्हों देवी रनिङ शिल्ड फुटवल प्रतियोगिता भएको छ । यसमा लमजुङ क्वबले गिलुङको चिसापानीमा आयोजना गरेको प्रतियोगितामा लमजुङ र काब्कीका २२ टिमको सहभागिता रहेको छ ।

प्रतियोगितालाई इलाका प्रहरी कार्यालय, गिलुङका प्रमुख नवराज भट्टराई र क्वबमा पूर्व खेलाडी ज्ञानसिंह गुरुङले संयुक्त रुपमा उद्घाटन गरे । आइतवार तीन खेल सम्पन्न भएको क्वबका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए । उद्घाटन खेलमा आयोजक रातोले डिफेन्डिङ च्याम्पियन रामबजार युथ क्लब, लमजुङलाई टाईब्रेकरमा ५-३ गोलअन्तरले हराएको छ । शिशुवा फुटवल क्लब, काब्की र सप्तकन्या युथ क्लब, छापा, लमजुङबीच सम्पन्न दोश्रो खेलमा सप्तकन्या युथ क्लबले शुन्यका विरुद्ध ४ गोल गर्दै दोश्रो चरणमा प्रवेश गरेको छ । प्रतियोगितको तेश्रो खेल सुर्योदय निमावी, घामगड, लमजुङ र माटेपानी युनाईटेड बिचबीच सम्पन्न भएकोथियो । उक्त खेलमा माटेपानी युनाईटेडलाई १ का विरुद्ध ३ गोलले हराउँदै सुर्योदय निमावि दोश्रो चरणमा प्रवेश गऱ्यो । लमजुङको कराएपुस्थित चौतारी युथ क्लब समयमै उपस्थित नभएपछि अण्डर सिक्सटिन, गिलुङ स्वतः दोश्रो चरणमा प्रवेश गरेको छ ।

प्रतियोगिताको पहिलो खेलमा आयोजक रातोका कन्या गुरुङ, दोश्रो खेलमा शिसुवा फुटवल क्लबका निकेश श्रेष्ठ र तेश्रो खेलमा माटेपानी युनाइटेड पोखराका टेकेन्द्र गुरुङ म्याच अफ दी म्याच घोषित भए । सोमबारको पहिलो खेल मितेरी युवा क्लब, घामगड र सेभेन स्टार युवा क्लब, नाल्मावीच हुने आयोजक क्लबका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए । क्वबले गिलुङको चिसापानीमासिथत बुद्धेय उच्च माविको ४१ औं वार्षिकोत्सवका अवसरमा प्रतियोगिताको आयोजना गर्दै आएको हो । पुरुष फुटवलतर्फ प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमले क्रमशः नगद ५० हजार र ३० हजार रुपियाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । महिला फुटवल प्रतियोगितातर्फ प्रथम हुने टिमलाई नगद १५ हजार रुपैया र द्वितीय हुने टिमलाई नगद ७ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए ।

२०४२ सालमा स्थापित मिलन युवा क्लबले २०५४ सालदेखि खुल्ला पुरुष फुटवल प्रतियोगिता आयोजना गर्दै आएको छ । क्लबले यहिं वर्षदेखि महिला फुटवल प्रतियोगिता पनि समावेश गरेको हो । प्रतियोगिताको मुख्य प्रायोजक गिलुङ समाज, युके रहेको छ । प्रतियोगिताका अन्य प्रायोजकहरुमा गिलुङ समाज, हडकङ, गिलुङ गाउँ सुधार सहयोग समिति, पोखरा र गिलुङ गाविस कार्यालय रहेका छन् ।

म:म मेलामा फेशन वीक हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

पोखरामा फेशन वीक हुने भएको छ आर इभेण्ट ट्रेनर नेपालले पोखरामा फागुन ६ देखि ८ गतेसम्म गर्न लागेको दोस्रो म:म मेलाका क्रममा फेशन वीक गर्न लाँगिएको हो। राजधानी बाहिरको पहिलो फेशन वीक भएको आयोजकको दावी छ फेशन वीकमा पोखरेली डिजाइनरहरुले तयार पारेका पहिरनहरुलाई मोडलहरुले प्रस्तुत गर्ने कार्यक्रम मयोजक रवीन पारखीहरुले कार्यक्रममा नयाँ स्थाद पाउँने बताए। पोखरा र काठमाडौंका व्यवसायीक मोडल, सौन्दर्य प्रतियोगिताका विजेता, नायिकारुप, सेलिब्रेटी, पोखरेली महिला उद्यमी, पोखरेली कोरियोग्राफरहरुको सहभागिता रहने कार्यक्रमका लागि छिई मोडलहरु छनौट गरिंदै छ। प्रायः विदेशमा देखिने फेशन वीकको अवधारणा अनुसार पोखरामा पनि गर्न लाँगिएको हो। सो कार्यक्रममा विभिन्न ब्राण्ड, बुटिक एवं विभिन्न डिजाइनरहरुलाई आफ्ना किरयशन देखाउने अवसर समेत प्रदान गरिने छ। म:म मेला पोखरा नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा हुने छ।

नेपालमा पछिल्लो समय म:म बढि प्रयोग हुने खाजाको रुपमा विकास भैंरहेका बेला म:म पारखीहरुले मेला निकै रुचाउने अपेक्षा गरिएको छ। चिकेन, वफ र मटन म:मको स्वाद माउँ चाखेका म:म पारखीहरुले मेलामा २४ प्रकारका म:मको स्वाद लिन पाउँने छन् मेलाका लागि धमाधम स्टल बुकिङ भैरहेको छ।

यसअघि ट्रेनर नेपालले पतञ्जली योग शिविर, मिस पोखरा क्वीन, मेगा मोडल पोखरा, नेपथ्य व्यापङको लाइभ कन्सर्ट र दशैं महोत्सव जस्ता कार्यक्रम सम्पन्न गरिसकेको छ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न
Log on : www.goldennews.com.np

बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

तु-अतश्यकता
पोखरामा कार्य संस्थामा लागि
ट्रेलिका लागि ट्रेलर -२ जना
मार्केटिङ्ग स्वामेजर -२ जना
फाकल्टि/वेव डिजाइनर -२ जना
रोजगार आत्मनिर्भरता -२ जना
बजार तथा लाइसिन्स -४ जना
कृषि सम्बन्धी प्रोजेक्ट -४ जना
N.G.O.Club -४ जना
सम्पर्क कन्सल्टेन्सी, क्षुद्धपोक, पोखरा
०६१-४२६४७, २५२७७८, ९८४६१६६४८०

घर तथा फ्ल्याट भाडामा
पोखरा उप-महानगरपालिका वडा नं. ५ पर्स्याडमा एउटा घर तथा फ्ल्याट भाडामा छ ।
आवश्यक पर्ने व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८४६०३३७५८

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईम्पायराका साथै सिपेन्को समस्या साबधान , बाटर प्रुफिङ्ग गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचौक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

आहारारा गोल्डकप मंगलबारदेखि,सबै तयारी पूरा

हरि पन्त/गोल्डेन न्यूज
पोखरा ३ माघ ।

पोखरामा मंगलबारदेखि फुटबलको कुम्भ मेला शुरु हुँदैछ । उक्त कुम्भ मेलाको सम्पूर्ण तयारी पुरा भएको छ । आयोजक सहारा क्लबले प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको जनाएको छ । आइतवार पोखरामा आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार प्रतियोगिता माघ ५ देखि १६ गतेसम्म संचालन हुँदैछ । प्रतियोगितामा ३ विदेशी सहित १२ टीमको सहभागिता रहनेछ । प्रतियोगितामा नेपालका ए डिभिजन क्लबहरु, आयोजक र तीन विदेशी सहित १२ टीमको सहभागिता रहने सहारा क्लबका अध्यक्ष वीरभद्र आचार्यले जानकारी दिए । प्रतियोगितामा वीस्टार क्लब, लक्ष्मी हण्डाई मनाङ-मस्र्याङ्दी क्लब, चिमापीय टीम आर्मी, सशस्त्र प्रहरीको एपिएफ र नेपाल पुलिस क्लब, जावलाखेल युथ क्लब, झापा-११, नव जनजागृति युवा क्लब सिमरा, आयोजक सहारा क्लबका साथै ईन्डियन आर्मी गोर्खा ब्रिगेट टीम, युनाईटेड सिक्किम एफसि भारत र रहमदगञ्ज एमएफ सोसाईटी बंगलादेश प्रतिस्पर्धा गर्नेछन् ।

विजेताले पाँच लाख १ हजार १ रुपैयां नगद र शिल्ड मेडल, प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछ भने उपविजेताले दुई लाख ५१ हजार एक रुपैयां नगद पुरस्कार प्राप्त गर्न छन् । गतवर्षमा विजेताले ३ लाख ५१ हजार र उपविजेताले दुई लाख एक हजार प्राप्त गरेका थिए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई एक थान हिरो स्कुटर प्राप्त गर्ने छन् । त्यस्तै उत्कृष्ट गोलकिपर, डिफेन्स, मिड फिल्ड, स्ट्राईकर र फिशिअलाई जनही १५ हजार रुपैया नगद प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिताको सर्वाधिक गोलकर्तालेे २५ हजार रुपैया प्राप्त गर्नेछ ।

प्रतियोगिता सम्पन्न गर्न ७९ लाख ५२ हजार रुपैयां खर्च अनुमान गरिएको छ भने ९९ लाख ९२ हजार रुपैयां आम्दानी गर्ने अपेक्षा आयोजकको छ । वचत रकम क्लबद्वारा सञ्चालित कठिन परिस्थिति एवं विपन्न वर्गका लाकबहरुको भरणपोषण, शिक्षादीक्षा समेतमा खर्च गरिने आयोजकले जनाएको छ । क्लबले पोखरा-१७ दोविब्लामा सञ्चालन गरेको सहारा एकेडेमीमा हाल १६ जिल्लाका २६ जना बालकहरु आश्रित छन् । प्रतियोगितालाई हिमश्री फुड्स् प्रा.लि.को उत्पादन आहा तथा रारा तयारी चाउचाउले मुख्य प्रायोजन गरेको छ ।

पत्रकार सम्मेलनमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवं पूर्व सांसद सूर्यबहादुर केसीले सहारा संग जोडिएर अनाथ र असहाय बालकहरुलाई सहयोग गर्न पाउँदा अत्यन्तै खुशी लागेको बताए । उनले सहारा क्लब जस्तै सबै जिल्लामा एक-एक क्लब हुन हो भने खेलकूद क्षेत्रले ठूलो फड्को मार्ने दावी गरे । नाकाबन्दीले मुलुकनै संकटमा परिरहेका वेलामा पनि सहाराले महत्वपूर्ण जमकौ गरेको भन्दै यस अर्थाभर अवरोध हुने खालका कुनैपनि गतिविधि नगरिंदिन केसीले आग्रह गरे । पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिका अध्यक्ष खगराज पौडेलले सहारा क्लबलाई विगतमा गरेका सहयोगलाई यस पटकदेखि दोब्बर बनाइने बताए । उनले पोखरा र सिंगी पश्चिमाञ्चल सहारा र आहारारा गोल्डकपमय भएको भन्दै पोखरालाई खेलकूदको राजधानी बनाउन सहारले खेलको भूमिकाको सङ्गाना गरे । सहारद्वारा सञ्चालित एकेडेमीलाई राज्यले हेर्नुपर्नेमा जोड दिंदै अध्यक्ष पौडेलले त्यसका लागि अर्थ मन्त्रालय, राष्ट्रिय खेलकूद परिषद लगायतका निकायमा आफूले पहल गर्ने प्रतिबद्धता जनाए ।

क्लबका अध्यक्ष वीरभनद आचार्यको आह्वानसभामा भएको पत्रकार सम्मेलनमा वरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिता संयोजक केशव बहादुर थापा र महासचिव केशवराज बरालले पनि प्रतियोगिता बारे प्रकाश पारेका थिए । उक्त अवसरमा वलेगी चलचित्रका निर्माता देव गुरुङद्वारा प्राप्त सहयोग ५२ हजार रुपैयां क्लबलाई प्रदान गरिएको थियो भने एकेडेमीका बालकहरुलाई प्रशिक्षण दिएका प्रदीप हुमागाईलाई सम्मान गरिएको थियो ।

सहाराको टीम पनि सशक्त,उपाधि जित्ने लक्ष्य

यसवर्षको आहा! रारा गोल्डकपको उद्घाटन खेलमा आयोजक सहारा क्लब र नवजनजागृति क्लब सिमरा भिड्ने भएका छन् । आयोजकले आईतवार सार्वजनिक गरेको खेल तालिका अनुसार उद्घाटन खेलको विजेताले क्वाटरफाईनलमा युनाईटेड सिक्किम एफसी भारतको सामना गर्ने छ । प्रतियोगितामा सहभागी १२ टीम मध्ये युनाईटेड सिक्किमसहित रहमदगञ्ज एमएफ सोसाईटी बंगलादेश, वीस्टार क्लब र लक्ष्मी हण्डाई मनाङ-मस्र्याङ्दी क्लब वाई पाएर सिधै क्वाटरफाईनलमा प्रवेश गरेका छन् । प्रतियोगितामा दोस्रो दिन सशस्त्र प्रहरीको एपिएफ क्लब र ईन्डियन आर्मी गोर्खा ब्रिगेट टिम बिच खेल हुनेछ । यसको विजेताले माघ १० गते मनाङमर्स अन्तिम चारको लागि खेल्नेछ । त्यस्तै तेस्रो प्रि-क्वाटरफाईनलमा भिड्ने जावलाखेल युथ क्लब र त्रिभुवन आर्मी क्लब विचको विजेताले नेपिमफाईनल प्रवेशको लागि माघ ११ गते वीस्टार क्लब संग खेल्नेछ । अन्तिम प्रि-क्वाटरफाईनल खेलमा नेपाल पुलिस क्लब र झापा-११ भिड्नेछन् । यो खेलको विजेताले माघ १२ गते बंगलादेशको सामना गर्नेछ । प्रतियोगिताको फाईनल खेल माघ १६ गते हुनेछ ।

यसैबीच आयोजक सहारा क्लब पोखराले पनि उपाधि जित्ने लक्ष्य सहित खेलाडी तयार पारेको छ । २०७० सालको इतिहासलाई दोहोऱ्याउनको लागि कडा मेहनतका साथ टीम तयार गरिरहेको टीमकोच किरण श्रेष्ठले जनाएको थिए । क्लबका ३ विदेशी र केही ए डिभिजन लिग खेलेका खेलाडीलाई समेत समावेश गराइएको उनले बताए । केही महिनादेखि २७ जना खेलाडीलाई बन्द प्रशिक्षमा राखेर तयारी थालिएको र आइतवार देखि २३ जनाको टीम सशक्त तयार गरिएको उनले बताए । टीम सशक्त छ । खेलाडीले जुनसुकै टीमसग पनि भिड्ेर खेल्न सक्छन् । अब यात्र दर्शकको साथ आवश्यक पर्छ'- श्रेष्ठले भने । क्लबका अध्यक्ष वीरभद्र आचार्यले पोखरामा पश्चिमाञ्चलवासीको चाहना पनि सहाराको टीम बलियो तोस् र उपाधि नै उचाोरेर पश्चिमाञ्चलको इज्जत राखोस् भन्ने रहेकाले सोही अनुरुप टीम तयार गर्न लागिएको बताए । उनले खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउन आहारारा गोल्डकपले विशेष महत्व राख्ने बताए ।

कास्की अदालतमा निःशुल्क निवेदन प्रभावकारी

राजाराम पौडेल
पोखरा ३ माघ ।

कास्की जिल्ला अदालतमा निःशुल्क निवेदनको प्रयोग बढ्दै गएको छ । गत मंसिर महिनाबाट सुरु गरिएको यो सेवा प्रदान गर्नका लागि अदालतमा न्यायमा पहुँच कक्षको स्थापना गरिएको छ । अदालतमा पुग्ने सेवाग्राहीले यो सुविधाको बारेमा बुझ्दै गएकोले शुरुवातका दिनको तुलनामा यो सुविधा लिने सेवाग्राहीको संख्यामा वृद्धि हुँदै गएको कास्की जिल्ला अदालतका सेस्तेदार दीनबन्धु बरालले बताए । मंसिर महिनाबाट सुरु गरिएको यो सेवाको प्रभाव बढ्दै भएको छ'-बराल बताउँछन् । यो सुविधाको बारेमा सेवाग्राहीलाई जानकारी होस् भन्ने उद्देश्यले अदालतको सूचना पाटीमा समेत यो सुविधाको बारेमा सूचना माफंत जानकारी गराइएको छ । यो सेवा लिने क्रममा कुनै झन्झट भएमा सेस्तेदार वा न्यायाधीश समक्ष सिधै गुनासो गर्न सकिने श्रेस्तेदार बरालले बताए । अदालतमा मुद्धा मामिलाको लागि पुग्ने सेवाग्राहीलाई अदालतवाट प्रदान गरिने न्यायिक परामर्श सेवा उपलब्ध गराउँदा समेत यो सेवाको बारेमा जानकारी दिने गरेको उनको भनाइ छ ।

यो सेवाको प्रभावकारिताको लागि न्यायमा पहुँच कक्षको व्यवस्था गरिएको छ । यो कक्षवाट अदालतमा मुद्धा दर्ता हुदाँको चरणवाट फैसला कार्यान्वयन सम्मका चरणहरुमा सेवाग्राहिहरुको लागि आवश्यक पर्ने निवेदन उपलब्ध गराइएको बरालले जनाए । 'निवेदनहर निःशुल्क रुपमा सेवाग्राहीलाइ उपलब्ध गराउने र भर्न नसक्ने वा नजानहरुको लागि अदालतका कर्मचारी र वैतनिक वकिलवाट भर्ने व्यवस्था मिलाइएको छ ।' उनले भने । विशेषगरि नक्कल पाउँ, गुडेको म्याद थामि पाउँ, साक्षी हाजिर गराइ पाउँ, सक्कल लिखत दाखिला गरेको लगायतका निवेदन सेवाग्राहिले खोज्ने गरेको उनले जनाए । यसैगरि कास्की जिल्ला अदालतले यसअघि नै सुरु गरेको सेवाग्राहिका लागि झन्झटमुक्त सेवालाई निरन्तरता दिएको छ । अदालतले नक्कल दिने, पेसी तारिख तोक्ने, गुडेको तारिख थाम्ने थमाउने, बारेसनामा सकारनामा सम्बन्धी कार्य, मिलापत्र, पुनरावेदन फिर्ता, तामेली लगायतको निवेदन दर्ता गर्ने, लिखित जवाफ वा अन्य प्रमाण कागजात पेश गर्ने, जुनसुकै फुटकर निवेदन दर्ता वा दर्पाफ गर्ने,मुद्दाको कारवाही सम्बन्धि जानकारी सूचना लिनेदिने लगायतका काम एक घण्टा भित्र उपलब्ध गराउने व्यवस्था मिलाएको छ । छिटोछरितो झन्झटमुक्त सेवाले सेवाग्राहीलाइ सहजता महसूस गराएको सेस्तेदार बरालले बताए ।

अब पोखरामा पनि हेलो सरकार १११११

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

सरकारी सेवा बारे गुनासो संकलनको लागि सञ्चालित हेलो सरकार सेवा अब क्षेत्रीय स्तरमा पनि विस्तार भएको छ । सरकारले गुनासो संकलनको लागि पोखरामा पहिलोपटक क्षेत्रीय सेवा सुरु गरेको हो । पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय पोखरामा स्थापना गरिएको हेलो सरकार क्षेत्रीय सेवाको आईतवार सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीले उद्घाटन गरे । पोखरा-७ नुवार थोक स्थायी वसोवास भएका ठाकुरप्रसाद बरालले हेलो सरकार कक्षमा गरेको उजुरीको सुनुवाईको कार्यान्वयन प्रक्रिया अघि बढाउँदै मुख्य सचिव सुवेदीले कार्यक्रमको शुभारम्भ गरेका हन् ।

निवेदक बरालले प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई सम्बोधन गरी ब्लैंदी र फिर्केखोलामा जथाभावी रुपमा फोहोर फालेका कारण फेवातालमा प्रदुषण बढ्केको नगरपालिका कार्यालयले तत्काल खोलामा फोहोर फाल्ने काम नियन्त्रण र अंहिले भएको फोहोरको उचित व्यवस्थापनका लागि माग गरेका थिए ।

जनगुनासो संकलन गर्दै सरकारी सेवा प्रभावकारी बनाउने लक्ष्य सहित प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय सिंहदरबारमा मार्वै यो सेसा सञ्चालनमा थियो । केन्द्रमा मार्वै गुनासोको चाप बढेपछि सरकारले क्षेत्रीय स्तरको अवधारणा अघि सारेको हो ।

क्षेत्रीय प्रशासन कार्यालय, पोखरा
हेलो सरकार सम्पर्क नं.
टोल फ्रि नम्बर १११११
फ्याक्स नं. ११००
टेलिफोन नं. ०६१-४६४८४१

१४ औं आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७२
१
दिन बाँकी
स्थान: पोखरा रंगशाला
RARA
रारा तैयारी चाउचाउ

हेलो सरकार कक्षका शाखा अधिकृत प्रभाकर घिमिरेले कक्षमा आएका गुनासोलाई सुनुवाई एवम् कार्यान्वयनका लागि तत्काल सम्बन्धित निकायमा पठाउने व्यवस्था गरिएको जानकारी दिए । गुनासो संकलनको लागि क्षेत्रीय प्रशासन कार्यालयमा रहेको टोल फ्रि नम्बर १११११, फ्याक्स ११०० र टेलिफोन न ०६१ - ४४८४४१ को व्यवस्था गरिएको क्षेत्रीय प्रशासन कार्यालयले जनाएको छ ।

पोखरा महोत्सवमा कारोबार बढ्दै

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

पोखराको अमरसिंह चौरमा जारी छैठौं पोखरा महोत्सवको चौथो दिन २० हजार दर्शकले अवलोकन गरेका छनभने ९० लाखको कारोवार भएको छ ।

चौथो दिनसम्म आइपुग्दा महोत्सवमा अवलोकनकर्ता हरुको भीड लाग्नुका साथै कारोवारमा वृद्धि हुदै गएको महोत्सव प्रचारपसा संयोजक लालकाजी गुरुङले जानकारी दिए ।

महोत्सवमा आइतवार लोकदोहोरी गायक विमलराज क्षेत्रीले लोकदोहोरी मार्फत मनोरञ्जन प्रदान गरेका थिएभने स्थानिय कलाकारहरुले समेत दोहोरी प्रस्तुत गरेका थिए ।

महोत्सवमा सोमवार लोकदोहोरी तर्फ टिका पुन, चोलेन्द्र पौडेल, जीवन दाहाल, पदिप त्रिपाठी, रामजी पौडेल, सरला पाण्डे, तुलसा जिसी र थिवरी द्युगानाको प्रस्तुती रहनेछभने लाइभ पप कन्सर्ट तर्फको प्रस्तुति रहने महोत्सवका कलाकार व्यवस्थापन संयोजक लोक बहादुर थापाले जानकारी दिए । महोत्सव माघ १० गते सम्म सञ्चालन हुने

बंगुरको कृत्रिम गर्भाधान सम्बन्धी प्रशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

बंगुरको कृत्रिम गर्भाधान सम्बन्धी सात दिने प्रशिक्षक प्रशिक्षण तालिम पोखरामा सम्पन्न भएको छ । नेपालमानै पहिलो पटक आयोजना गरिएको तालिममा नेपालभरका ११ जना प्रशिक्षकहरुको सहभागीता रहेको थियो । सामर्थ/सिप्रेड संस्थाको आयोजना तथा युके एडको सहयोग तथा पशु सेवा विभाग र राष्ट्रिय कृषि अनुसधान केन्द्रको सहकार्यमा पोखरामा तालिम सम्पन्न भएको हो । तालिममा विशेषगरी बंगुरको भालेलाई तालिम, विर्य संकलन, प्रशोधन तथा प्याकेजिङ तथा भण्डारण र वजारीकरण सम्बन्धी सैद्धान्तिक र व्यवहारिक क्रियाकलापहरु गराइएको थियो ।

आइतवार सम्पन्न तालिमको समापन कार्यक्रममा राष्ट्रिय कृषि अनुसन्धान केन्द्र नार्कका बंगुर तथा कुखुरा अनुसन्धान कार्यक्रम प्रमुख दामोदर न्यौपानेले बंगुरको कृत्रिम गर्भाधानले कृषकहरुलाई प्रत्यक्ष रुपमा फाइदा पुऱ्याउने बताउदै तालिममा सिकेका कुरालाई व्यवहारमा लागू गराउनुपर्नेमा जोड दिए । त्यस्तै तालिमका प्रशिक्षक जीनपो कम्पनी अमेरिकाका डाक्टर कोभिनले नेपालमा बंगुरपालनको संभावना राम्रो भएको भन्दै यो तालिमले अझै बंगुरपालक किसानका लागि उर्जा थप्ने बताए । कृत्रिम गर्भाधानले उन्नत जातका बीउहरुलाई साना किसानले समेत प्रयोग गर्न सक्ने भएकाले यसलाई महत्वपूर्ण रुपमा लिनुपर्ने उनको भनाइ रहेको थियो ।

तालिममा सहभागी कृषक तथा पोखरा लाइभस्टक पालिका सञ्चालक छयाम थापाले सात दिने तालिमले आफ्नुहरुलाई बंगुर पालनमा थप उर्जा प्रदान गरेको बताए । आफ्नो फर्म पोखरा लाइभ स्टकमा समेत रहेकाले पोखरा र आसपासमात्र नभइ नेपालभरकै बंगुर किसानका लागि कृत्रिम गर्भाधानका लागि सामग्री प्रदान गर्न आफू तयार रहेको बताए ।

कार्यक्रममा डाक्टर नन्द प्रशाद शर्मा, डाक्टर शोभा शर्मा , झापा कुलुइ बंगुर फार्मका संचालक संजिव कुमार राइ लगायतले बोलेका थिए । तालिममा सैद्धान्तिक कक्ष पोखरको काउन हिमालयन होटलमा भएको थियोभने व्यवहारिक कक्ष लेखनाथको रिठेपानीमा रहेका पोखरा लाइभस्टक पालिमा सम्पन्न भएको सामर्थ/सिप्रेडका बंगुर विश्लेषक डाक्टर राजेश कुमार चौधरीले जानकारी दिए ।

जनप्रियमा स्वागत र बिदाई

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

जनप्रिय बहुमुखी क्याम्पस सिमलचौर पोखरामा वीवीएमा अध्ययन गर्ने विद्यार्थीहरुको संगठन 'एशोसिएशन अफ वीवीए स्टुडेन्ट'ले स्वागत तथा विदाई कार्यक्रम आयोजना गऱ्यो । संस्थाका अध्यक्ष सुशान्त बाटाजूको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष दामोदर चालिसे रहेका थिए । कार्यक्रममा आठौं सेमेस्टरमा अध्ययनरत विद्यार्थीलाई विदाई गर्नुका साथै नवौं सेमेष्टमा अध्ययन गर्ने विद्यार्थीलाई स्वागत गरिएको थियो । कार्यक्रममा सातौं सेमेष्टरमा अध्ययनरत विद्यार्थी ईच्छा गुरुङ, वीवीए सकाय कम्प्युटर डेभलपमेन्ट प्रमुख मेखराज पोडेल, एवीएसका सल्लाहकार वीरबहादुर काकी, हित शाखा प्रमुख भोजराज बराल, क्याम्पस प्रमुख वीरञ्जी गौतम, सहायक क्याम्पस प्रमुख राजेन्द्र पौडेल, वीवीए कार्यक्रम संयोजक कृष्णबाबु बराल लगायतले विदाई भएकाहरुलाई आगामी दिनको सफलताको शुभकामना र नयां विद्यार्थीलाई स्वागत गरेका थिए । नयां विद्यार्थीहरुलाई खाद र माला लगाएर स्वागत गर्दै क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष दामोदर चालिसे र क्याम्पस प्रमुख वीरञ्जी गौतमले क्याम्पसको गरिमा र मर्यादालाई ख्याल गरि अध्ययन गर्न आग्रह गरेका थिए । त्यस अवसरमा डब्लुआरसीको वीवीएमा अध्ययनरत विद्यार्थीहरुले आयोजना गरेको इन्टर टेक्निकल फुटबल टुर्नामेन्टमा द्वितीय स्थान हासिल गर्ने सफल विद्यार्थी खेलाडीलाई सम्मान गरिएको थियो ।

यसैगरी एकदेखि आठौं सेमेष्टरमा अध्ययन गरि उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीहरुलाई नगद पुरस्कार छात्रवृत्ति प्रदान गरिएको थियो भने कार्यक्रममा सांस्कृतिक कार्यक्रम समेत आयोजना गरिएको थियो ।

पिसचौतारी लायन्सको वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ माघ ।

लायन्स क्लब अफ पोखरा पिस चौतारीले आफ्नो १०औं वार्षिकोत्सव मनायो । केक काटेर वार्षिकोत्सवको उद्घाटन गर्दै काम्कीका स्थानिय विकास अधिकारी रामचन्द्र तिवारीले लायन्स जत्तिको सामाजिक संस्था आफूले नपाएको बताए । नेपालमा नगण्य कुराकोमात्र खोजी गर्न परम्परा रहेपनि लायन्समा त्यस्तो नपाएको उनले बताए । कार्यक्रममा लायन्स क्लब अन्तर्राष्ट्रिय ३२४ वी १ का डिष्ट्रिक्ट गभर्नर ध्रुव थापाले पिस चौतारी लायन्स डिष्ट्रिक्ट कै उत्कृष्ट क्लब भएको बताए । उनले आफूलाई गभर्नर पदमा पुऱ्याउन पिस चौतारीको पनि महत्वपूर्ण भूमिका रहेको स्पष्ट पारे । कार्यक्रममा सेकेण्ड भिडिजि धनराज आचार्यले विश्वभर फैलएको सबै भन्दा ठूलो सामाजिक सञ्चाल लायन्स भएको स्पष्ट परे । कार्यक्रमा पूर्व मल्टिपल काउन्सिल चियर पर्सन प्रेमबहादुर श्रेष्ठ र दिपक श्रेष्ठले लायन्सहरुमा लाग्नेहरुको मन ठूलो हुने र जुनसुकै सहयोगका लागि पनि तत्पर हुने बताए । क्लबका पूर्व अध्यक्ष तथा रिजन चियर पर्सन दुर्गा हुमागाईले लायन्सको सकियतामा भूकम्प पीडितलाई ठूलो सहयोग गरेको जानकारी दिए । क्लबका अध्यक्ष धनञ्जय पौडेलले क्लबलाई यहांसम्म ल्याउन संस्थापक तथा अग्रजहरुको महत्वपूर्ण भूमिका रहँकाले उनीहरुको योगदानलाई भूल्न नसकिने स्पष्ट पारे । उनले काम्की अगंलामा रहेको शान्ति उदय उच्च मावियां २ लाख रुपैयांको अक्षयकोष स्थापना गर्न लागिएको जानकारी दिए । कार्यक्रममा क्लबका द्वितीय उपाध्यक्ष जीवनबहादुर क्षेत्री, सचिव प्रेमराज दाहाल, पूर्व अध्यक्ष विनोद बुडाना, पिस होम लायन्सकी अध्यक्ष सरिता दाहाल हुमागाई लगायतले आ-आफ्नो भनाई राखेका थिए । वार्षिकोत्सव क्लबका अध्यक्ष धनञ्जय पौडेलकी अध्यक्षतामा भएको थियो । उक्त अवसरमा क्लबका १७ जना सस्थापक तथा हाले सम्पन्न भलिवव प्रतियोगितामा तेस्रो भएको र क्लबवाट सहभागी खेलाडीहरुलाई सम्मान गरिएको थियो ।

नेपाल पर्यटन वर्ष २०७२ मनाउ: स्वास्थ्य, पेलकुद, संस्कृति, पर्यटनको लागि
छैठौं पोखरा महोत्सव २०७२
(पौष ३० गतेदेखि माघ-१० गतेसम्म)
स्थान: अमरसिंह उच्च मा.वि.को विशाल खेल मैदान
महोत्सवका आकर्षणहरू
★ औद्योगिक तथा हस्तकला सामानहरुको प्रदर्शनी एवं विक्रि
★ विभिन्न सैस्कृति झल्कने नृत्य प्रस्तुती
★ पर्यटकीय स्थानहरुको जानकारी
अटी तथा पुष्प मेला, फुड फेस्टिवल
★ बाल उद्यान
★ पोखरा तारा (२) नृत्य प्रतियोगिता
★ राष्ट्रिय तथा स्थानीय कलाकार हरुद्वारा दोहोरी मित प्रस्तुती (पद्मपुरि क्रमर्, ज्वाली नगर, रातिका क्रमार राजकी बाँड, कोमल क्षेत्री, बाँड पोखरी टिका एक लगायत अन्य कलाकारहरु)
★ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्याण्ड (नमस, रविन एण्ड दि ब्ल रेकर्डिक्स, सर्किल राई एण्ड इलेक्ट्रीक, अमर एण्ड दि सिटम इन्जुस, माउन्ट E.C.H.C, आत्मा राउल, जिमा रम्मा एण्ड इ सिटम, 1974 AD)
आयोजक: युनाईटेड क्लब पोखरा
मुख्य प्रायोजक: सालिमार सिमेन्ट
प्रवर्द्धक: नेपाल पर्यटन बोर्ड
प्रायोजकहरु: ओकोडाला जायन्टिक ब्याङ्कोक एण्ड ट्रेडिङ कम्पनीलाई, सिलोङ्डुङ, आर एम आर इन्फोटेक, म्हुरोड, मेरो Wallet, अफिसियल इन्भर्टोरस: जम्बोली जनरल इन्भेस्टमेन्ट कम्पनी
मिडिया पार्टनर: पोखरा टेलिभिजन, ABC टेलिभिजन, नम्बुकी टेलिभिजन, सगरमाथा राष्ट्रिय दैनिक, अफिसियल डिजिटल सार्ट: दुई सिग्नल बाटर
विशेष सहयोगी: नेपाल विद्युत प्राधिकरण, पोखरा विद्युत वितरण केन्द्र
सहयोगी संस्था: पोखरा उपभोक्तासंरक्षणिका, सि.जी. हार्डवेयर एण्ड कन्सलर्स, सुन्दरी बेट प्रा.लि.

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/ प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९,५४५, फ्याक्स : ५२२२२, Email: goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा